नेपाल सरकार

अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

# कोष तथा लेखा नियन्त्रक कार्यालय

नवलपरासी (बर्दघाट - सुस्ता पुर्व) कावासोती ।

प.सं.२०७७/०७८

च.नं.263

मिति : २०७८/०३/२९

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

जिल्ला स्थित स्थानीय तह सबै

(नवलपरासी बर्दघाट सुस्ता पूर्व)

अत्यन्त जरुरी

विषय : आ.व.२०७७/२०७८ को बार्षिक खाता वन्दी सम्बन्धमा ।

प्रस्तुत विषयमा महालेखा नियन्त्रक कार्यालयको प.सं.०७७/०७८ च.नं.३८५ मिति २०७८/०३/२८ को पत्रवाट आ.व.२०७७/२०७८ को वार्षिक खातावन्दी सम्बन्धमा तपसील अनुसार गर्नु गराउनु हुन भनी लेखि आएको हुँदा आवश्यक जानकारी तथा कार्यान्वयनको लागि हार्दिक अनुरोध गरिन्छ ।

<u>तपशिल</u>

1. विनियोजन ऐनले फ्रिज नहुने भनि तोकेको बजेट उपशिर्षहरु बाहेकका वजेट उपशिर्षकहरुमा खर्च नभै बाँकी रहेको निकासा रकम चालु आ.व.भित्रै कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्ने ।
2. आ.व.२०७७/०७८ मा जारी भएका सरकारी खर्चसँग सम्बन्धित सबै किसिमका राजश्वको चेक अषाढ मसान्त भित्रै जम्मा गर्ने व्यवस्था मिलाउने ।
3. स्थानीय तहको वित्तीय/आर्थिक व्यवस्थापनका लागि प्रयोग भैरहेको स्थानीय तह सञ्चित कोष प्रणाली (SuTRA) आ.व.को अषाढ ३० गतेको राती १२:०० बजे पश्चात चेक काट्न नमिल्ने गरी वन्द हुने भएकोले सो अगावै आ.व.२०७७/०७८ को सम्पूर्ण आर्थिक कारोवार सम्पन्न हुने व्यवस्था मिलाउने ।
4. स्थानीय तह विभाज्य कोष खातामा जम्मा भएको राजश्व रकम नियमानुसार बाँडफाँड गरी आ.व.को अन्त्यमा शुन्य मौज्दात बनाउने ।
5. स्थानीय तहवाट खर्च नभै बाँकी रहने बैदेशिक श्रोततर्फको रकम (जस्तै : शसर्त अनुदान बहुक्षेत्रीय पोषण कार्यक्रम..........) अनिवार्य रुपमा २०७८ अषाढ मसान्त भित्रै कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्ने ।
6. स्थानीय तहमा रहेका ग-१.१, ग-१.२, ग-१.३ खाताहरुमा रहेको रकम स्थानीय तह सञ्चित कोष खातामा ट्रान्सफर गरी आ.व.को अन्त्यमा यि तीन खाताहरु शुन्य मौज्दात गराउने ।
7. स्थानीय तहका खर्च तथा कार्य सञ्चालनस्तरका खाताहरुवाट आषाढ मसान्तसम्ममा काटिएका तर बैंकवाट भुक्तानी हुन नसकी भुक्तानी दिन बाँकी चेकको विवरण सरकारी कारोवार निर्देशिका २०७६ को फारम नं.१ (अनुसूची ४२) सुत्रवाट तयार गरी २०७८ श्रावण ३ गतेभित्र उपलब्ध गराई कोषवाट प्रमाणित फारम नं.१ (अनुसूची ४२) को आधारमा भुक्तानी हुने व्यवस्था मिलाउने ।

२०७८/३/२९

(राम बहादुर के.सी.)

प्रमुख कोष नियन्त्रक

प्रमुख कोष नियन्त्रक